मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १९९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ २३ गते बुधवार (Wednesday, 5 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

## विष्फोटक पदार्थसहित दुई जना पक्राउ

**संखुवासभा, जेठ २२।** चैनपुर नगरपालिका-११ सभाखोलास्थित सडकबाट बारूद १ सय ग्राम, डेटोनेटर २ थान, निओजेल २ सय ग्राम र खुर्पासहित दुई जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा खाँदबारी नगरपालिका-९ तुम्लिङटार बस्ने २७ वर्षीय बसन्त कुमाल र २७ वर्षीय विकाश कुमाल रहेका छन् । अस्थायी प्रहरी पोष्ट सभाखोलाबाट खटिएको प्रहरीले को१७ प ११८९ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त बिष्फोटक पदार्थसहित पक्राउ गरेको हो ।

# झापा बाढीको उच्च जोखिममा

**झापा, जेठ २२।** जिल्लाका अधिकांश पालिकाहरू बाढीको उच्च जोखिममा रहेकाले विपद् व्यवस्थापनको तयारी तीव्रगतिमा भइरहेको जिल्ला विपद् व्यवस्थापन समिति झापाले जनाएको छ ।

समितिले आपत्कालीन आश्रयस्थल तोक्ने, राहत वितरणको मापदण्ड बनाउने, जोखिममा पर्नसक्ने घरधुरीको तथ्याङ्क सङ्कलन गर्ने, पालिकाहरूमा 'फोकल पर्सन' तोक्ने र विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने प्रयास भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालले बताए ।

जिल्लाका १५ पालिकामध्ये बाढीको उच्च जोखिममा छवटा पालिका रहेका छन् । गौरीगञ्ज, कचनकवल, बाह्रदशी, कमल गाउँपालिका, शिवसताक्षी र भद्रपुर नगरपालिका बाढीको उच्च जोखिममा रहेको उनले बताए । उनका अनुसार मेचीनगर, गौरादह, अर्जुनधारा, कनकाई, दमक नगरपालिका बाढीको मध्यम जोखिममा रहेका छन् भने हल्दिबारी, बुद्धशान्ति गाउँपालिका र बिर्तामोड नगरपालिका न्यून जोखिममा रहेका छन् ।

यस वर्ष अत्यधिक वर्षा हुने मौसम विभागको प्रक्षेपण अनुसार समितिले जिल्लामा करिब आठ हजार नौ सय १९ घरधुरी बाढीका कारण प्रभावित हुने आँकलन गरेको छ । जिल्लामा बाढीबाट बिस्थापित हुनसक्ने परिवारलाई राख्न सम्बन्धित स्थानका विद्यालय,




सामुदायिक भवन, रेडक्रस, स्वास्थ्य चौकीलगायतका दुई सय ५० वटाभन्दा बढी स्थानलाई आकस्मिक आश्रयस्थल तोकिएको उनले बताए । उनले भने- समितिले विपद् प्रतिकार्य योजना नै बनाएर अघि बढेको छ । जनधनको क्षति हुन नदिन सबै प्रकारका उपाय अलवम्बनको तयारी छ । प्रहरी, सेना, रेडक्रस र स्थानीय पालिका प्रमुखहरूसँग समन्वय गरेर विपद् व्यवस्थापनका लागि एकीकृत योजना बनाइएको उनले जानकारी दिए ।

जिल्ला विपद् व्यवस्थापन समिति झापाले मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना नै तयार गरेर सरकारी तथा गैरसरकारी संघ-संस्थासँग

(बाँकी अन्तिम पृष्ठमा)

## विपद् उद्धार अभ्यास



**बिर्तामोड, जेठ २२।** झापाको चारआलीस्थित नेपाली सेनाको अरिदमन गणको संयोजनमा एकीकृत अभ्यास मनसुन-४ कार्यक्रम अन्तर्गत सामुदायिक विपद् व्यवस्थापन नमूना अभ्यास कार्यक्रम सम्पन्न भएको छ ।

झापाको मेचीनगर-१३ र १४ मा रहेको निचाभ्मोडा सिमसार क्षेत्रमा मंगलवार विपद व्यवस्थापन सम्बन्धी बृहत प्रदर्शनी भएको हो ।

जिल्ला प्रशासन कार्यालय झापा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल रेडक्रस सोसाइटी झापासंगको सहकार्यमा आयोजित उक्त अभ्यास

(बाँकी अन्तिम पृष्ठमा)

## झुठा मुद्दा दिएमा वादीबाट पीडितलाई क्षतिपूर्ति



**कमल, जेठ २२।** फरेबपूर्ण मुद्दा गरेमा वादीबाट पीडितले मनासिब क्षतिपूर्ति पाउने झापा जिल्ला अदालतले फैसला गरेको छ ।

झापा जिल्ला अदालतबाट वादीले झुठ्ठा मुद्दा दिएकोले दाबी नपुग्ने भनी र वादीले फरेबपूर्ण मुद्दा गरेमा प्रत्यर्थीले मनासिब क्षतिपूर्ति पाउने गरी फैसला भएको छ । झापा जिल्ला अदालतका माननीय प्रमुख न्यायाधीश अशोककुमार बस्नेतको इजलासले झुठ्ठा दाबी लिने वादी बिन्द्र राजबंशीले प्रतिवादी बन्दना भारद्वाजलाई रु. ७५ हजार रुपैयाँ क्षतिपूर्ति भराई दिने गरी यही जेठ २१ गते सोमबार फैसला सुनाएको हो ।

कसैले कसैलाई दुःख दिने वा हानी नोक्सानी पुऱ्याउने नियतले झुठ्ठा उजूरी दिएको ठहरेमा सम्बन्धित अदालतले त्यस्तो झुठ्ठा उजूरी दिने उजूरीकर्ताबाट प्रतिवादीलाई मनासिब क्षतिपूर्ति भराई दिनेछ- भन्ने मुलुकी देवानी संहिता, २०७४ को दफा २८ मा कानूनी ब्यबस्था रहेको छ । सो मा प्रतिवादीले प्रतिरक्षा गर्दा लागेको खर्च, अदालती दस्तूर, कानून ब्यवसायीको खर्च समावेश हुने गरी सो आधारमा क्षतिपूर्ति निर्धारण गर्ने कुरा रहेकोले त्यसका आधारमा फैसला गरेको बताइएको छ ।

झापा जिल्ला अदालतमा बन्दना भारद्वाजले आफूले बिन्द्र राजबंशीलाई रु. तीन लाख रुपैयाँ नगद र र ४५ लाख चेकमार्फत गरी जम्मा रु. ४८ लाख दिएकोमा सो रकम नदिई सो वापत मिति २०७९।९।३० मा चेक काटी दिएको र सो चेक नसाटिएपछि चेक अनादरमा विन्द्र राजबंशी उपर चेक अनादर मुद्दा गरेकी थिइन् ।

सो चेक अनादर मुद्दामा वादीको दाबी पुग्ने ठहरी झापा जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकेशरी पोखरेलको इजलासबाट माघ १५ गते भएको फैसलाको अवस्थामा बिन्द्र राजबंशीले झापा जिल्ला अदालतमा फिरादीलाई नोक्सान पुऱ्याउने गरी चेक काट्न लगाएको भनी बन्दना भारद्वाज उपर उजूरी दर्ता गराएको अनुचित समृद्धिको मुद्दामा वादी बिन्द्र राजबंशीले झुठ्ठा फरेबपूर्ण मुद्दा गरेकोले पीडित बन्दना भारद्वाजले बिन्द्र राजबंशीबाट क्षतिपूर्ति भराउने भनी अदालतले फैसला सुनाएको हो ।

एकल महिला रहेकी बन्दनाले पहाडको जग्गा बिक्री गरी पैसा राखेको थाहा पाई बिन्द्र राजबंशीले घर बिक्री गर्छु भनी चेकबाट र नगद पैसा लिएकोमा सो वापत निजले दिएको चेकलाई अनुचित हो भनी दाबी गरेका थिए । अदालतले वादीले तिर्नु पर्ने रकम वापत नै चेक दिएको, उक्त चेक अनुचित समृद्धि हो भनी एकल महिलालाई दुःख दिन झुठ्ठा मुद्दा दिएको प्रमाणका आधारमा देखिई वादीबाट प्रतिवादीलाई क्षतिपूर्ति भराउने निर्णय गरेको बताइएको छ ।

सो फैसलाले मुद्दा गर्दा सफा नियतले गर्नु पर्ने, पीडितलाई दुःख दिने, हानी नोक्सानी पुऱ्याउने नियतले फरेबपूर्ण मुद्दा गरेमा प्रतिरक्षा गर्दा लागेको खर्च, अदालती दस्तूर, कानून ब्यवसायीको खर्च समेतलाई आधार लिई बिन्द्र राजबंशीले बन्दना भारद्वाजलाई रु.७५ हजार रुपैयाँ क्षतिपूर्ति भराई दिने गरी फैसला भएको झापा जिल्ला

(बाँकी अन्तिम पृष्ठमा)

## गोमेन्द्रमा बिद्यार्थीलाई ५ लाखसम्म २% आधार ब्याजमा अध्ययन कर्जा



**झापा, जेठ २२।** पूर्वाञ्चल विश्वविद्यालयका बिद्यार्थीलाई ५ लाख रुपैयाँसम्म आधार व्याजमा २ प्रतिशत नबढ्ने गरी अध्ययन कर्जा दिइने भएको छ ।

झापाको बिर्तामोड-४स्थित गोमेन्द्र बहुमुखी महाबिद्यालयले पनि ५ लाख रुपैयाँसम्म २ प्रतिशत आधार ब्याजमा अध्ययन कर्जा दिने महाबिद्यालय प्रमुख डा. रुपक खनालले जानकारी दिए । विश्वविद्यालयबाट उत्पादित मानवश्रोत व्यवस्थापन, अनुसन्धानको क्षेत्रमा सहकार्य गर्न पूर्वाञ्चल विश्वविद्यालयले विभिन्न १३ कम्पनीसँग गत जेठ १६ गते काठमाडौंमा समझदारी गरेको थियो । विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकायका विभिन्न बिषय अध्ययन गरेका विद्यार्थीका लागि रोजगारी, इन्टर्नसिप, अनुसन्धान, तालिम, अन्तरक्रिया, फ्याकल्टी एक्सचेञ्ज लगायतका काम गर्ने गरी विश्वविद्यालय र ती कम्पनीका प्रतिनिधिबीच हस्ताक्षर भएको हो ।

विश्वविद्यालयले लिपफ्रग टेक्नोलोजी, इन्फो डेभ्लपर प्रालि, ओम फर्मास्युटिकल्स एण्ड ल्याब्रोटोरिज, द फ्युज मेसिन नेपाल प्रालि, एफवान सफ्ट, द सेन्टर फर मलेक्युलर डाइनामिक्स, काठमाडौं सेन्टर फर जियोनोमिक्स, एनएमबी बैंक, नेपाल एग्रो बायोटेक एण्ड रिसर्च सेन्टर, एफवान सफ्ट, नर्भिक हस्पिटल प्रालिसँग समझदारी गरेको हो । त्यस्तै नेपाल एग्रो सेन्टर प्रालि र नेपाल एग्रो इक्वइप्मेन्ट प्रालि, मिडिया एण्ड इन्टरटेन्मेन्ट स्किल काउन्सिल र ए प्लस एशोसियट, मुम्बई लगायतका १३ संस्थासँग समझदारी-पत्रमा हस्ताक्षर गरेको छ ।

एनएमबीसँगको समझदारी अनुसार बैंकले पूर्वाञ्चल विश्वविद्यालयका विद्यार्थीलाई पाँच लाखसम्म आधार व्याजमा २ प्रतिशत नबढ्ने गरी अध्ययन कर्जा उपलब्ध गराउनेछ । विश्वविद्यालयकोतर्फबाट विज्ञान तथा प्रविधि संकायका डिन प्रा.डा. पवनकुमार झा र सहायक डिन मनोजकुमार हलवाईले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

विभिन्न कम्पनीका प्रतिनिधिले

(बाँकी अन्तिम पृष्ठमा)

## झरनामा फोटो खिच्दा लडेर मृत्यु

**पाँचथर, जेठ २२।** पाँचथरको फालेलुङ-६मा अवस्थित मुवा झर्ना घुम्न गएका एक युवकको लडेर ज्यान गएको छ ।

झर्नाको सौन्दर्यमा फोटो खिच्ने क्रममा लडेर सख्त घाइते भएका फिदिम-२का १८ वर्षीय एल्सन मगरको उपचारका लागि झापा लैजाने क्रममा निधन भएको हो । साथीहरूसँग झर्ना घुम्न गएका उनी फोटो खिच्ने क्रममा चिप्लेर लडेका थिए । गम्भीर घाइते भएका एल्सनलाई तत्काल पाँचथर अस्पताल ल्याइए पनि उपचार सम्भव नभएपछि झापातर्फ लैजाँदै गर्दा बाटोमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

उनीसँगै चिप्लेर लड्दा फिदिम-११का २० वर्षीय सुदीप आङ्बो, फिदिम-२का राजन फागो र फिदिम-११कै विशाल विश्वकर्मा घाइते भएका छन् । उनीहरूको पाँचथर अस्पतालमा उपचार भइरहेको पाँचथरका प्रहरी प्रमुख (डीएसपी) हेमन्तबहादुर भण्डारीले जानकारी दिए ।

## राहत शिक्षक बनेको १२ वर्षपछि...

**झापा, जेठ २२।** नक्कली शैक्षिक प्रमाण पत्र पेश गरेर जागिर खाएको भन्दै महोत्तरीको बलवा नगरपालिका-९, धमौरास्थित श्री राष्ट्रिय प्राथमिक विद्यालयमा अनुदान कोटा (राहत) शिक्षक पदमा कार्यरत अशोककुमार साहबिरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

शिक्षक साहले नक्कली प्रमाणपत्र पेश गरी अध्यापन गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ठहर छ । अनुसन्धानका क्रममा साहले कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय, कामेश्वरनगर दरभंगा, बिहार, भारतबाट नवीन उत्तर मध्यमा तह उत्तीर्ण गरेको प्रमाण-पत्र पेश गरेको अख्तियारको दावी छ ।

श्री राष्ट्रिय प्राथमिक विद्यालय, महोत्तरीमा मिति २०६९ कात्तिक २५देखि लागू हुने गरी शिक्षक अनुदान कोटा (राहत) मा नियुक्ति लिई हालसम्म कार्यरत रही ओहोदा, लाभ र सुविधाप्राप्त गरेर भ्रष्टाचार गरेको ठहरसहित अख्तियारले मंगलवार विशेष अदालतमा आरोप-पत्र दायर गरेको हो ।

## भरुवा बन्दुकसहित पक्राउ

**सुनसरी, जेठ २२।** भरूवा बन्दुक, बारूद र छर्रासहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धरान उपमहानगरपालिका-१७ पट्नालीस्थित सिंहदेवी सामुदायिक वन छेउबाट भरूवा बन्दुक १ थान, सोही बन्दुकमा प्रयोग हुने बारूद र छर्रासहित सोही उपमहानगरपालिका-१७ खैरेनी बस्ने ४० वर्षीय दरेश राई रहेका छन् ।

अस्थायी प्रहरी चौकी रेल्वे धरानबाट खटिएको प्रहरीले उनलाई उक्त हातहतियारसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## मेची अस्पताल: स्टाफ नर्स शैक्षिक कार्यक्रम प्रक्रियामा

**बिर्तामोड, जेठ २२।** झापाको भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालमा स्टाफ नर्स शैक्षिक कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायको समन्वयमा आवश्यक प्रकृया अगाडि बढाइने भएको छ ।

कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्तुत गरेको



नीति तथा कार्यक्रममा मेची अस्पतालमा स्टाफ नर्स शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने उल्लेख छ । प्रदेश प्रमुख पर्शुराम खापुङले आगामी आवका लागि प्रदेशसभाको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

## 'बिर्तामोड नयाँ बसपार्कको जग्गा सरकारी स्वामित्व छैन'

**अर्जुनधारा, जेठ २२।** झापाको अर्जुनधारा नगरपालिका-११स्थित नयाँ बसपार्कको जग्गा सरकारी स्वामित्वमा नरहेको बताइएको छ ।

अर्जुनधारा नगरमा मंगलबार भएको छलफलले त्यस्तो निष्कर्ष निकालेको छ । कानून व्यवसायी, सरोकारवाला, स्थानीय र सञ्चारकर्मीबीच भएको अन्तरक्रियाले बसपार्कको जग्गा सरकारी स्वामित्वमा नरहेको निचोड निकालेको हो ।

करिब एक महिनाअघि गिरीबन्धु टी इस्टेटभित्र उक्त जग्गा रहेको भनी कानूनले व्याख्या गरेर वडा नं. ११को (५१ बिगाह जमिन) नयाँ बसपार्कका बासिन्दाहरुलाई त्रसित बनाइरहेको बेला त्यसैलाई समातेर केही युट्युबर र मिडियाले समाचार लेखेपछि अर्जुनधारा नगरपालिकामा छलफलको आयोजना गरिएको थियो ।

छलफल कार्यक्रममा बसपार्क समन्वय समितिका अध्यक्ष सुजन शिवाकोटीले तथ्य कुरा अर्कै भए पनि केही मिडियाहरुले



बसपार्कबासीहरुलाई आतंकित बनाइदिएको भन्दै समाधानको बाटोमा जान नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ र उपप्रमुख खड्गमाया पराजुलीलाई संयुक्त रुपमा ज्ञापन-पत्र बुझाएका थिए ।

बसपार्क समन्वय समितिका सहसचिव शिव पौडेलले ११४३ कित्ताभित्र चार सयभन्दा बढी घर बनिसकेको र केही व्यवसायिक कर्जा र शैक्षिक कर्जा लिएर प्रगति गर्ने बेलामा गिरीबन्धु टी इस्टेटको जग्गाको विषयमा बसपार्कलाई जोडेर गरेको हल्लाले बसपार्कबासीहरुलाई मर्कामा पारेको उल्लेख छ । कार्यक्रममा बरिष्ठ अधिवक्ता टंक उप्रेतीले अदालतले जारी गरेको निर्णय पत्रमा बसपार्कलाई छोएको पाइँदैन तथापि यथार्थमा पुग्न नगरले सम्बन्धित निकाय र यसै क्षेत्रका सांसद तथा सभामुख देवराज घिमिरेमार्फत प्रष्ट्याउन आवश्यक भएको बताए । नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई, सभामुख घिमिरेका स्वकीय सचिव केशव ढुंगेललगायतले उक्त बिषयमा आ-आफ्ना धारणा राखेका थिए ।

नगर प्रमुख गोम्देनले मालपोत कार्यालय झापाका प्रमुख शेरबहादुर भण्डारीसँग फोन सम्पर्क गर्दा प्रमुख भण्डारीले सहजताका लागि आफू तयार रहेको बताएको नगर प्रमुखले जानकारी दिएका थिए । कार्यक्रममा उपप्रमुख पराजुली, अर्जुनधारा-११का वडाध्यक्ष खगेन्द्र इङ्नामसहित सरोकारवालाहरुले आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।

## क्षमा याचना

मिति २०८१/०२/२२ गते मंगलबार पूर्वाञ्चल दैनिकको प्रथम पृष्ठमा 'गैंडे सामुदायिक वनका अध्यक्ष र उपाध्यक्ष पक्राउ' शीर्षकको समाचार स्रोतको असावधानीका कारण भुलबस प्रकाशित भएकोमा क्षमायाचनासहित सच्याइएको छ ।

प्रकाशित समाचारका कारण वनका पूर्व अध्यक्ष अमृतबहादुर कार्की र उपाध्यक्ष नन्दप्रसाद रायको आत्मसम्मानमा पुगेको चोटप्रति यो संस्था दुःख व्यक्त गर्दछ ।

\- सम्पादक

# बाह्रदशी एमालेको अध्यक्षमा सापकोटा निर्वाचित

**झापा, जेठ २२ ।** नेकपा एमाले बाह्रदशी गाउँ कमिटीको अध्यक्षमा अग्निप्रसाद सापकोटा (अनिल) निर्वाचित भएका छन् ।

सोमबार भएको मतदानमा उनी प्रतिस्पर्धी तोयानाथ पोखेललाई ५५ मतान्तरले पछि पार्दै निर्वाचित भएका हुन् । सहमति हुन नसकेको ३ पदमा २१ गते सोमबार निर्वाचन भएको हो । प्राप्त नतिजा अनुसार सापकोटाको प्यानलनै बिजयी भएको छ ।

कूल ३ सय १० मतदाता मध्ये २ सय ९२ जनाले मतदान गरेका थिए । जसमा सपकोटाले १ सय ७३ मत पाए भने पोखेलले १ सय १८ मत पाएका थिए । यस्तै उपाध्यक्षमा सापकोटा प्यानलकै यादवप्रसाद मिश्र निर्वाचित भएका छन् । उनले प्रतिस्पर्धी ज्ञानु सुवेदीलाई २१ मतले पछि पारेका हुन् ।

यसैगरी सह-सचिव पदमा पनि सापकोटा प्यानलकै उमदवार बिजयी भएका छन् । सह-सचिवमा जयनारायण आचार्यले प्रतिस्पर्धी प्रेमबहादुर श्रेष्ठलाई ९४ मत अन्तरले पराजित गरेका थिए । यस अघि नै सचिवमा भने शम्भुसिंह राजवंशी सर्वसम्मतिले चयन भइसकेका थिए ।



## विहानको समय रोजगारीको अवसर

तपाई विहान ६ बजेदेखि ७ बजे एक घण्टाको समय फुर्सद हुनुहुन्छ ? यदि हुनुहुन्छ भने हामी तपाईलाई पत्रिका वितरण गर्ने काम दिन्छौं ।

- पत्रिका वितरण गर्ने क्षेत्र : शनिश्चरे बजार आसपास ।
- अनिवार्य आफ्नै साइकल भएको हुनु पर्ने छ ।
- साथै शनिश्चरे आसपास क्षेत्रको वासिन्दा हुनु पर्ने छ ।
- दिउँसो स्कूल पढ्नेहरूले समेत काम गर्न सक्नेछन् ।

सम्पर्क : ९८१६९८१०१७ / ९८४२६३४७४०


# कंगनाले जितिन् चुनाव



बलिउड अभिनेत्री कंगना रनावतले लोकसभा चुनाव जितेकी छन् । भारतीय जनता पार्टी (बीजेपी)बाट हिमाञ्चलको मण्डी निर्वाचन क्षेत्रमा उम्मेद्वार बनेकी उनले ७० हजारभन्दा बढी मतान्तरका साथ लोकसभाको सिट जितेकी हुन् ।

कंगनाको चुनावी प्रतिस्पर्धा कांग्रेस नेता तथा पूर्व मुख्यमन्त्री वीरभद्र सिंहका छोरा विक्रमादित्यसँग भएको थियो । चुनाव जितेपछि उनी खुसी देखिएकी छन् ।

सांसद् भएपछि उनले इन्स्टाग्राममा लेखेकी छन्,- 'मण्डीबासीको यो जनाधार, प्रेम र विश्वासका लागि आभारी छु । यो जित तपाईंहरु सबैको हो र यो जित हो प्रधानमन्त्री नरेन्द्र मोदी र भारतीय जनता पार्टीमाथिको विश्वासको जित हो यो सनातनको र मण्डीको सम्मानको जित हो ।' उनले आफ्ना प्रतिद्वन्द्वी विक्रमादित्य सिंहप्रति पनि कटाक्ष गर्दै 'अब झोला प्याक गरेर घर जान' भनेकी छन् ।

### गोमेन्द्रमा...

सम्झौताले दुवै पक्षको हितमा काम गर्ने विश्वाससहित विश्वविद्यालयसँग सहकार्य गर्न पाउँदा खुशी लागेको उपकुलति प्रा.डा. बिजुकुमार थपलियाले बताएका छन् ।

### झुठा...

अदालतले जनाएको छ ।

झुठ्ठा उजुरी दिएकोले क्षतिपूर्ति भराई दिने गरी भएको झापा जिल्ला अदालतको फैसला एक महत्वपूर्ण फैसला रहेको र अब, कसैले कसैलाई दुःख दिने वा हानी नोक्सानी पुऱ्याउने उद्देश्यले पर्ने झुठ्ठा उजूरी केही नियन्त्रण हुने झापा जिल्ला अदालतका सुपरीवेक्षक शाखा अधिकृत रामचन्द्र बस्नेतले बताएका छन् ।

### विपद...

करिब दुई घण्टा चलेको थियो ।

विपद पश्चातको खोज तथा उद्धार र पुनर्स्थापनामा आधारित विभिन्न क्षेत्रमा कार्यरत व्यक्ति र जनसमुदायलाई विपद् सम्बन्धी चेतना फैलाउने उद्देश्यले उक्त अभ्यासको आयोजना गरिएको गणका प्रमुख सेनानी प्राजु बस्न्यातले जानकारी दिए ।

अभ्यासअन्तर्गत विपद् पश्चात खोजी तथा उद्धार सम्बन्धी तीनवटा प्रदर्शनी र नेपाल रेडक्रस सोसाइटी झापा शाखाले घाइतेहरुको उपचार र राहत वितरण सम्बन्धी प्रदर्शनी गरेको थियो ।

प्रमुख जिल्ला अधिकारी एवम् विपद् व्यवस्थापन समिति झापाका अध्यक्ष बन्धुप्रसाद बाँस्तोलाको अध्यक्षतामा आयोजित कार्यक्रममा नम्बर २१ बाहिनीका बाहिनीपति सहायकरथि युवधीरमानसिंह अधिकारी, अरिदमन गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यात, सशस्त्र प्रहरी उपरीक्षक कवीन्द्र राई, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुलचन्द्र नेपाल, नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाल, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेललगायतको उपस्थिति थियो ।

### झापामा...

आवश्यक सामग्रीको तयारी गर्न आग्रह गरेको छ । जिल्लामा धेरै प्रकारका विपद् भएता पनि प्राथमिकीकरणका आधारमा पहिलो नम्बरमा बाढी प्रकोप भएकाले यसबाट जनधनको क्षतिलाई न्यूनीकरणका लागि स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तयार रहेको उनले बताए ।

उनले जिल्लाका मेची, निन्दा, रतुवा, मावा, कनकाई, विरीङलगायत दर्जनौं नदीबाट हुनसक्ने बाढी र डुबान प्रभावितलाई उद्धारका लागि लाइफ ज्याकेट, रबर बोट, रेस्क्यू हेल्मेट, प्लास्टिकजन्य ट्युब र एम्बुलेन्स तयारी अवस्थामा राख्न सम्बन्धित निकायलाई आग्रह गरिएको बताए ।

बाढीका कारण जिल्लामा प्रत्येक वर्ष ठूलो जनधनको क्षति व्यहोर्नु परिरहेको छ । नेपाल रेडक्रस सोसाइटी झापा शाखाको तथ्याङ्कअनुसार सात वर्षमा बाढीकै कारण ६० जनाको मृत्यु भएको छ । वि.सं. २०७३ देखि २०७९ सम्ममा ६० जनाको मृत्यु र छजना बेपत्ता भएको तथ्याङ्कमा उल्लेख छ ।


HBL Himalayan Bank Ltd.

(दोस्रोपटक प्रकाशित मिति २०८१।०२।२३)

## हिमालयन बैंक लिमिटेडको फर्निचर तथा अन्य सम्पत्तिहरू बिक्री गर्ने सम्बन्धी ७ दिने सूचना

यस बैंकको शनिश्चरे रोड स्थित बिर्तामोड शाखा कार्यालय अन्य स्थानमा स्थानान्तरण गरिएकोले सो शाखा कार्यालयका फर्निचर तथा अन्य सम्पत्तिहरु (Leasehold Premises) समेत शिलबन्दी बोलपत्रको माध्यमबाट जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था, विमा कम्पनी, सहकारी संस्था तथा अन्य कार्यालय प्रयोजनको लागि समेत उपयुक्त रहेको कार्यालय फर्निचर खरिद गर्न इच्छुक व्यक्ति/संघ/संस्थालाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र खरिद गर्न चाहेको मूल्य सहित बैंकको बिर्तामोड शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन आहवान गरिएको छ ।

**शर्तहरू :**

- बोलपत्र फारममा फर्निचर तथा अन्य सम्पत्तिहरु के कति मूल्यमा खरिद गर्न चाहेको हो सोको व्यहोरा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।
- बोलपत्र पेश गर्दा बैंकले बिक्री गर्न चाहेको सम्पूर्ण फर्निचर तथा अन्य सम्पत्तिहरुको लागि बोलकबोल रकम पेश गर्नुपर्नेछ । अन्यथा पेश गरिएको बोलपत्र बैंकले अस्वीकृत गर्न सक्नेछ ।
- बोलपत्रदाता व्यक्ति भएमा बोलपत्रकासाथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र कम्पनी, फर्म वा संस्था भएमा अद्यावधिक सहितको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र आधिकारिक व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
- बोलपत्रदाताले बोलपत्रमा उल्लेखित रकमको पाँच (५) प्रतिशत रकम धरौटी स्वरुप हिमालयन बैंक लिमिटेडको (IDT Account) नजिकको शाखा कार्यालयमा जम्मा गरी सोको नगदी भौचर बोलपत्रको शिलबन्दीमा संलग्न गरी पेश गनुपर्नेछ ।
- बोलपत्र स्वीकृत भएका संस्था वा व्यक्तिले खरिद गरिने सम्पत्ति प्राप्तिको लागि बोलपत्रमा उल्लेखित रकम प्रस्ताव स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र यस बैंकको बैंक खातामा जम्मा गरी सक्नुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- प्राप्त बोलपत्र/प्रस्तावहरू कारण देखाइ वा नदेखाइ पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने वा प्राप्त प्रस्ताव उपर पुनः नेगोसिएसन एवम् वार्ता गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
- बोलपत्र फारम तथा फर्निचर र अन्य सम्पत्तिहरुको विवरण यस बैंकको बिर्तामोड शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
- बोलपत्र स्वीकृत भएको अवस्थामा लिलाम बिक्रीबाट खरिद गरिएको सम्पत्ति खरिदकर्ताले लिएर जान चाहेको अवस्थामा आफ्नै खर्चमा बोलपत्र स्वीकृत भएको ३० दिनभित्र स्थानान्तरण गरिसक्नुपर्नेछ ।
- उल्लेखित सर-सामानहरुको निरीक्षण शनिश्चरे रोड स्थित (हिमालयन बैंक लिमिटेडको तत्कालीन बिर्तामोड शाखा) मा कार्यालय समयभित्र गर्न सकिनेछ ।
- बोलपत्रदाताको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

**हिमालयन बैंक लिमिटेड, बिर्तामोड शाखा**
**फोन नं. ०२३-५३५६०४**



दुवागढी साना किसान कृषि सहकारी संस्था लि., मेचीनगर-१४को

## धितो लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१।०२।२३**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणीले यस संस्थाबाट ऋण उपभोग गर्दै आउनुभएकोमा सो ऋणवापत यस संस्थालाई बुझाउनु पर्ने साँवा तथा व्याज रकम समयमा नबुझाई संस्थासँग गरेको ऋण सम्वन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीहरुलाई पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले बेवास्ता गरी ऋण तिर्न बुझाउन कुनै चासो नदेखाउनुभएको हुनाले उक्त ऋण चुक्ता गर्नका लागि पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकाको मिति २०८०।०१।१६ गतेको अंकमा सार्वजनिक सूचना गर्दा समेत आजका मितिसम्म उक्त ऋणको साँवा र व्याज चुक्ता भुक्तान गर्नेतर्फ कुनै ध्यान नदिएकाले सहकारी ऐन २०७४ को दफा ७९, मेचीनगर नगरपालिकाको सहकारी ऐन २०७५को दफा ५८ र दुवागढी साना किसान कृषि सहकारी संस्था लि.को कर्जा नीति तथा कार्यविधि २०७७ को दफा ३१ अनुसार वा प्रचलित कानून बमोजिम निज ऋणीले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्रमार्फत लिलाम विक्री गरिने हुँदा इच्छुक महानुभावहरु सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनुहुने महानुभावलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम विक्री गरिने बारे यसै सूचनामार्फत जानकारी गराइएको छ । धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघसंस्थाले यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन अर्थात २०८१ साल असार २६ गते कार्यालय समयभित्र वा सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र मेचीनगर-१४ स्थित संस्थाको कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । उक्त धितोले यस संस्थाको लेना रकम असुलउपर नभएमा सम्वन्धित ऋणी तथा जमानतकर्तालाई कालो सूचीमा राखी निजहरुको अन्य जायजेथा तथा एकाघर परिवारको नाममा रहेको जायजेथाबाट समेत असुल उपर गरिनेछ ।

तपशिल

ऋणीको विवरण

| नाम | ठेगाना | नागरिकता नं. र जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|
| सुकमन राजवंशी | मेचीनगर १४, झापा | ०४-०१-७८-०७८७७, झापा | बिरेन राजवंशी | बासिया राजवंशी |

धितोको विवरण

| जग्गाधनीको नाम | बाबु | बाजे | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सुकमन राजवंशी | बिरेन राजवंशी | बासिया राजवंशी | दुवागढी | ८ | २०९० | ०-३-०-० |

**धतो लिलाम बोलपत्र सम्वन्धी शर्तहरु**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन वा २०८१ असार २६ गतेका दिनभित्र कार्यालय समयमा वा सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको पहिलो दिन कार्यालय समयमा संस्थाको कार्यालय मेचीनगर -१४ मा आइपुग्ने गरी पेश गर्नुपर्ने छ ।
२. बोलपत्रमा आफूले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
३. प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन वा सो दिन सार्वजनिक विदा परेमा त्यस लगत्तै कार्यालय खुलेको पहिलो दिन दिनको ठीक १३:०० बजे स्थानीय प्रशासन तथा विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरु, बोलपत्रकर्ता, बोलपत्रकर्ताको प्रतिनिधि र सम्वन्धित जग्गाधनीको उपस्थितिमा बोलपत्र खोलिनेछ । बोलपत्र खोल्ने समयमा उल्लेखित कुनै एक, एक भन्दा बढी वा सम्पूर्ण प्रतिनिधिहरु उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा परेको नमानी धितो लिलामी गरिनेछ ।
४. धितोमा रहेको सम्पत्तिको पञ्चकृत मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम् मूल्य कायम गरिनेछ । सबैभन्दा बढी मूल्य कबुल गरी बोलपत्र पेश गर्नेका नाममा लिलाम स्वीकृत गरिनेछ ।
५. कुनै पनि समयमा लिलाम प्रकृया स्थगित वा रद्द गर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. सबैभन्दा बढी बोलकबोल गर्ने बोलपत्रदाताले सोही दिन कबोल रकमको ५ प्रतिशतले हुने रकम संस्थाको कार्यालयमा जम्मा गर्नुपर्नेछ । अन्यथा दोस्रो बढी कबोल गर्नेको नाम स्वीकृत गरिनेछ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । उक्त अवधीमा बाँकी रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम जफत गरिनेछ ।
८. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्र दाताको नाममा नामसारी वा दा.खा. गर्दा लाग्ने रजिस्ट्रेसन शुल्क, दैदस्तुर, कर तथा अन्य शुल्क आदि बोलपत्रदाताले आफैं व्यहोर्नु पर्नेछ ।
९. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर गरिने छैन । बोलपत्रको अन्तिम टुंगो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. म्याद नाघी आएका, रीत नपुगेका वा अमान्य शर्तहरु राखिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
११. बोलकबोल चलिरहँदा वा बोलपत्र सदर हुनु अगावै ऋणीले ऋण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरिनेछ । धरौटी रकम बुझाइसकेको भएमा धरौटी फिर्ता दिइनेछ । धरौटी रकममा कुनै प्रकारको व्याज वा थप रकम दिइने छैन ।
१२. माथि उल्लेखित अचल सम्पत्तिमा बोलपत्रकर्ताले सकार नगरेमा, बोलकबोल रकम चित्तबुझ्दो नभएमा वा कुनै बोलपत्रहरु प्राप्त नभएमा सहकारी ऐन २०७४ को दफा ७९, मेचीनगर नगरपालिकाको सहकारी ऐन २०७५ को दफा ५८, सहकारी नियमावली २०७५ को नियम ३५ र दुवागढी साना किसान कृषि सहकारी संस्था लि. को कर्जा नीति तथा कार्यविधि २०७७ को दफा ३१ वा प्रचलित कानून बमोजिम संस्थाले धितो आफ्नै नाममा सकार गरी स्वामित्व लिन सक्नेछ ।
१३. धितो लिलाम सम्वन्धी अन्य विषयहरु बुझ्न आवश्यक परेमा कार्यालय समयमा संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**कर्जा उपसमिति**



असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेशको

प्रथमपटक प्रकाशित मितिः २०८१/०२/१९

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

ययस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघीसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनुपर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन यो १५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अतः यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाई सकेको भए प्रमाण सहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृयाका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्र.सं | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | शान्ती सिटौला | कनकाई-३ | भक्ति प्रसाद सिटौला | हरिशंकर सिटौला | छबिलाल खरेल | सुरुङ्गा | शान्ती सिटौला | भक्तिप्रसाद सिटौला |
| २ | कल्पना सुब्बा | कनकाई-३ | फिपराज लिम्बु | आसनन्द लिम्बु | बिर बहादुर लिम्बु | सुरुङ्गा | बिर बहादुर लिम्बु | बमबहादुर लिम्बु |
| ३ | बिरबहादुर लिम्बु | कनकाई-३ | बमबहादुर लिम्बु | जित बहादुर लिम्बु | कल्पना सुब्बा | सुरुङ्गा | बिर बहादुर लिम्बु | बमबहादुर लिम्बु |
| ४ | पुष्पा अधिकारी | बिर्तामोड-२ | खड्गप्रसाद भेटवाल | पदमखर भेटवाल | काजीबहादुर अधिकारी | सुरुङ्गा | पुष्पा अधिकारी | खड्गप्रसाद भेटवाल |
| ५ | निलकुमार श्रेष्ठ | कनकाई-३ | चन्द्रबहादुर श्रेष्ठ | ललितबहादुर श्रेष्ठ | ललिता श्रेष्ठ | सुरुङ्गा | निलकुमार श्रेष्ठ | चन्द्र बहादुर श्रेष्ठ |
| ६ | उमानाथ शिवाकोटी | कनकाइ-३ | बिष्णुप्रसाद शिवाकोटी | महेश्वर शिवाकोटी | पबित्रा शिवाकोटी | सुरुङ्गा | उमानाथ शिवाकोटी | बिष्णु प्रसाद शिवाकोटी |
| ७ | टिकाराम अधिकारी | बाह्रदशी-५ | नन्दलाल अधिकारी | मकर अधिकारी | चन्द्रमाया लम्साल | दुर्गापुर | नन्दलाल अधिकारी | मकर अधिकारी |
| ८ | राजु बानिया | शिवसताक्षी-९ | बुद्दिमान बानिया | शेर बहादुर बानिया | सिमा राया (बानिया) | दुधे | वेदमाया बानिया | अमृत बहादुर थापा |
| ९ | नरध्वज कामी | शिवसताक्षी-८ | मानसिंह कामी | छविलाल कामी | तारा गदाइली कामी | दुधे | नरध्वज कामी | मान सिंह कामी |
| १० | भिष्मप्रसाद पाठक | शिवसताक्षी-९ | रविलाल पाठक | अडिमर्दन पाठक | धनमाया पाठक | दुधे | भिष्म प्रसाद पाठक | रविलाल पाठक |
| ११ | मोहनप्रसाद मैनाली | शिवसताक्षी-८ | गोविन्द प्रसाद मैनाली | लक्ष्मी प्रसाद मैनाली | दया फुयल मैनाली | दुधे | मोहन प्रसाद मैनाली | गोविन्द प्रसाद मैनाली |
| १२ | प्रेमबहादुर सुबेदी | गौरीगञ्ज-१ | गणेशबहादुर सुबेदी | बृर्खेश्वर सुबेदी | लिलाकुमारी थापा | कुञ्जीबारी | प्रेमबहादुर सुबेदी | गणेशबहादुर सुबेदी |
| १३ | मुना मैनाली | गौरीगंज-१ | मेतिस्वर पौडेल | मित्रलाल पौडेल | अर्जुनकृष्ण मैनाली | कुञ्जीबारी | अर्जुन कृण्ण मैनाली | मत्रिकाप्रसाद मैनाली |
| १४ | बिजयप्रसाद राजबंशी | गौरीगञ्ज-१ कुञ्जीबारी | भीम प्रसाद राजबंशी | उगनलाल राजबंशी | गितादेबी राजबंशी | कुञ्जीबारी | बिजयप्रसाद राजबंशी, भीम प्रसाद राजबंशी | भीमप्रसाद राजबंशी, उगनलाल राजबंशी |
| १५ | अशोक प्रसाद शाह | गौरिगञ्ज-१ | वसन्तलाल शाह | मोलाई शाह | गीतादेवी शाह | शिवगञ्ज | अशोक प्रसाद शाह | वसन्तलाल शाह |
| १६ | कमल प्र. लामिछाने | शिवसताक्षी-४ | उमानाथ लामिछाने | पदम प्र. लामिछाने | डम्बरकुमारी रीजाल | शिवगञ्ज | जमुनादेवी लामिछाने | महेश्वर मिश्र |
| १७ | मेदे विश्वकर्मा | गौरिगञ्ज-१ | लक्ष्मण विश्वकर्मा | मने विश्वकर्मा | जमुनादेवी रसाईली | शिवगञ्ज | मेदे विश्वकर्मा | लक्ष्मण विश्वकर्मा |
| १८ | हेमकुमारी घिसिङ्ग | शिवसताक्षी-४ | नगेन्द्र बा. घिसिङ्ग | चानबा. घिसिङ्ग | रामबहादुर घिसिङ्ग | शिवगञ्ज | हेम कुमारी घिसिङ्ग | नगेन्द्र बा. घिसिङ्ग |
| १९ | कृष्ण प्र. महत्तो | गौरिगञ्ज-१ | राम प्र. महतो | ठगु महत्तो | अ[redacted] | [redacted] | अनीतादेवी महत्तो | नथुनी महत्तो |
| २० | कालसिंह ताजपुरिया | शिवसताक्षी-४ | सतनारायण ताजपुरिया | हिडलाल ताजपुरिया | पु[redacted] | [redacted] | कालसिंह ताजपुरिया | सतनारायण ताजपुरिया |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था [redacted] कनकाई रतुवा 'क'**


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढक[redacted]९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ [redacted]वस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फो[redacted]: ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# विश्व वातावरण दिवसको सन्देश

**हाम्रो आँखाले देख्ने सम्पूर्ण भौतिक–अभौतिक वस्तुको योग वातावरण हो । त्यही वातावरणले प्राणीमध्येको उत्कृष्ट मानव जातिको अस्तित्व रक्षा हुन्छ र त्यसको सन्तुलनमा मात्रै मानिससहित सम्पूर्ण प्राणी जगतको समेत कल्याण सम्भव छ । वातावरण प्रकृति प्रदत्त उपहार हो जसले विश्वभरिका प्राणी तथा वनस्पतिको जीवनको सञ्चार गर्छ । त्यसकारण चेतनाले सर्वश्रेष्ठ भनिएको मानिसले त्यसको सन्तुलन बिग्रिन नदिन सधैँ सचेत हुनुपर्छ । प्रकृति माथिको अतिक्रमण र दोहन तथा भौतिक विकासको प्रतिष्पर्धाले पुऱ्याएको क्षति अन्ततः मानव जातिकै विनाशको कारण हुनसक्छ । पृथ्वीको असन्तुलनका लागि जनसंख्या वृद्धि जटिल समस्याका रुपमा रहेको छ, त्यसले प्रकृतिमाथि प्रत्यक्ष प्रभाव पार्दछ । अर्थात् बढ्दो जनसंख्या र उसको गतिविधिको असर वातावरणमा पर्छ र वातावरणीय असन्तुलन हुन्छ ।**

**पृथ्वी सारा विश्वको साझा घर हो । त्यसमा रहेका प्राणीमध्येको सचेत प्राणी मानिस नै भएकाले साझा घरको सुरक्षा गर्नु साझा कर्तव्य हो । विकासको परिणामले प्रतिवर्ष हानिकारक तत्व सल्फर डायोअक्साइड हावामा मिसिन्छ । त्यसले वातावरण दूषित हुन्छ र अम्लीय वर्षा गराउँछ । त्यस्तै सवारीबाट उत्सर्जन हुने कार्बन मोनोअक्साइड तथा ध्वनि प्रदूषणले समेत वातावरणीय प्रदूषण बढाउँछ । प्रत्येक वर्ष मानवीय गतिविधिकै कारण ओजोन तह पातलिँदैछ भने हाम्रा हिमालहरु निरन्तर पग्लिँदैछन् । बिग्रदो वातावरणका कारण बर्सेनि महामारीको प्रकोप पनि बढ्दैछ । त्यसकै परिणाम हो 'कोभिड–१९'को त्रासदी ।**


**पृथ्वीमा रहेका सम्पूर्ण प्राणी र वनस्पति जगत एकअर्कासँग निर्भर छन् । ती मध्ये कसैको अनुपस्थिति र असन्तुलन सबैका लागि घातक हुन्छ । यस्तो अन्तरनिर्भरतालाई कायम राख्दै पर्यावरणीय महत्त्वका विषयमा राजनीतिक, सामाजिक तथा सांस्कृतिक जागरण ल्याउन संयुक्त राष्ट्रसंघको आह्वानमा प्रत्येक वर्षको ५ जूनलाई अन्तर्राष्ट्रिय वातावरण दिवसका रुपमा मनाउने गरिएको छ । सन् १९७४ देखि मनाउन शुरु गरिएको यो दिवसले सम्पूर्ण विश्वलाई खासगरी मानव जातिलाई पर्यावरणको सुरक्षाका बारेमा सचेत गराउँदै आएको छ । मानवीय गतिविधि र वैज्ञानिक आविष्कार तथा प्रयोगले उत्पन्न गरेको दूष्परिणामका कारण प्रतिवर्ष झण्डै साढे पन्ध्र करोड मानिसको अकाल मृत्यु भइरहेको छ । कलकारखाना, आणविक हात–हतियारको प्रयोग, प्रकृतिको दोहन तथा अतिक्रमणले मानव सभ्यतामाथि नै पारेको असरलाई न्यूनीकरण गर्न हामी त सचेत हुनैपर्छ र व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुरक्षा गर्न सरकार जिम्मेवार हुनुपर्छ ।**

### सामाजिक सञ्जाल

गणतन्त्रवादीहरू राजसंस्थासँग नझस्क, राजसंस्था पक्षधरहरू गणतन्त्रसँग नतर्स... प्रचण्डले धेरै चमत्कार गर्नुभएको छ, अब एक पटक परिवर्तनकारी र परम्परागत शक्तिका बीचमा एकता गर्ने चमत्कार गर्नुहोस्, त्यही नै नेपालको राष्ट्रियता र प्रजातन्त्रको अभेद्य कवच हुनेछ ।

**– कमल थापा**





राजनीतिमा होमिएकाहरुलाई देशको जनसंख्याले कोरा मन पराउनु वा नमनपराउनुको चिन्ताभन्दा उनको पक्षमा उनको दृष्टिकोण, बुझाई र काम गराईप्रति जन सम्मान छ/छैन बुझ्ने क्षमता राख्नु महत्वपूर्ण हुन्छ, सदैव ।

**– भुषण दाहाल**

वर्षौंसम्म पनि बाटो बनेको छैन भने बालेनलाई बोलाएर छेउकुना कोतर्न लगाउनुस्, सडक विभागले दुई दिनभित्रमा नयाँ बाटो बनाइदिन्छ ! फास्ट ट्र्याकमा काम गर्ने काइदा ।

**– टंक दाहाल**



# विदेश मोह रोक्ने सूत्र



**डा. वासुदेव गिरी**

जीवन भनेको एक किसिमको यात्रा नै हो । जिन्दगीको यस्तो यात्रा न बाल्यकालमा अगाडि बढ्छ न त वृद्धा अवस्थामा नै । यात्रा अगाडि बढ्छ त केबल युवा अवस्थामा । किनकि यो उमेर भनेको आफ्नो भाग्यरेखा आफैँ कोर्ने समय पनि हो । १६ वर्ष उमेर पुगेर ४० वर्ष ननाघेको उमेर समूहको जमात नै वास्तविक युवा हो । कुनै पनि देशको विकासका लागि युवा भनेका महत्त्वपूर्ण शक्ति र सम्पत्ति हुन् । उनीहरू तुरुन्तै केही होस् भन्ने चाहन्छन् ।

यस्तो जमातको ज्ञान, सिप र क्षमताको सही सदुपयोग गर्न सकियो भने राष्ट्र निर्माणमा ठूलो सहयोग पुग्छ । देश विकासका लागि युवा जनशक्ति परिचालन गर्नुपर्छ भनेर नेपालको संविधानले 'युवा नीति २०७२' लागू पनि गरेको छ । विश्वमै युवाको महत्व बढ्दै जाँदा नेपालले भने आफ्ना युवाशक्तिलाई देशभित्रका विभिन्न सम्भावनायुक्त क्षेत्रमा अझै परिचालन गर्न सकेको छैन । अर्कातिर हाम्रा युवामा विदेशमा मात्रै भविष्य देख्ने सोचाइ सकिनसकी हुर्किँदै र झ्याङ्गिँदै गएको अवस्था छ ।

हुन त यो युग भनेकै विश्वव्यापीकरणको हो । यस्तो युगमा हरेक मानिस आफू जन्मेकै ठाउँमा बसिरहनुपर्छ भन्ने सोच पनि एक किसिमले अतिवादी सोच हुन सक्छ । फेरि युवा भनेकै गतिशील र चलायमानको समूह भन्ने बुझिन्छ । उनीहरूको इच्छा नयाँ ठाउँ जाने सिक्ने, कमाउने र रमाउने हुन्छ । यसो भन्दैमा सिक्न र कमाउन विदेशनै जानु पर्छ भन्ने पनि छैन । हाम्रा युवामा विदेशप्रति बढ्दै गएको मोह कसरी रोक्न सकिन्छ त भन्ने सन्दर्भमा यस आलेखमा केही सम्भावित थेरापी प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

**शिक्षा प्रणाली/नीतिमा व्यापक सुधार**

नेपालको शिक्षा प्रणाली बढी डिग्रीमुखी छ, रोजगारमुखी एवम् उद्यममुखी कम छ । विद्यालय र कलेजमा सिकेको कुराको वास्तविक जीवनसँग धेरै सरोकार हुँदैन । जसका कारण विद्यार्थी रोजगारदाता संस्थामा गएर सजिलैसँग काम गर्न सक्दैनन् । हाम्रा युवासँग डिग्री त छ । तर, बजारले माग गरे अनुसारको उनीहरूमा ज्ञान र सिप छैन । युवालाई प्राविधिक, व्यावहारिक तथा व्यावसायिक शिक्षाका साथै आवश्यक सिप उपलब्ध गराउन सकियो भने उनीहरू कार्यस्थलमा सजिलैसँग काम गर्न सक्छन् । अर्कातिर गुणस्तरीय र रोजगारमूलक शिक्षाको अभावले हामीलाई अपाङ्ग बनाएको छ ।

हाम्रो शिक्षा प्रणालीमै व्यापक सुधार गरी गुणस्तरीय एवम् विद्यार्थीमा उद्यमशीलता विकास गर्ने शिक्षा प्रदान गर्न सकियो भने यसले उनीहरूलाई जागिरे मानसिकताबाट माथि उठाई उद्यमी बन्न प्रोत्साहन गर्छ । जसले गर्दा उनीहरू व्यावसायिक र स्वरोजगार बन्छन् । विद्यालय र कलेजले प्रदान गर्ने शिक्षा गुणस्तरीय र विश्वविद्यालयले दिने शिक्षा अनुसन्धान, अन्वेषण र ज्ञानमा आधारित हुन सकेमा स्वाभाविक रूपमा युवा विदेशिने छैनन् । आफ्नै देशमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर र उद्यमशीलता एवम् स्वरोजगार बन्ने परिस्थितिले युवामा विदेशप्रतिको मोह भङ्ग हुन सक्छ ।

**पढ्ने र कमाउने अवसर सिर्जना गर्ने**

हामीकहाँ विदेशमा जस्तो (खासगरी अमेरिका, अस्ट्रेलिया, क्यानडा र अन्य युरोपेली मुलुक) कमाउँदै पढ्दै गर्ने अवसर छैन । जति छ त्यो नगण्य छ र कमाइ पनि ज्यादै कम हुन्छ, जसले कुनै अर्थ राख्दैन । फेरि अर्कातिर हामीकहाँ काम गरेर महिना मरेपछि मात्र तलब दिने प्रचलन छ, अझ कतिपय रोजगारदाता संस्थाले त आर्थिक अनुशासन नै पालना गर्दैनन् र तलब पनि तीन/चार महिनापछि मात्र दिन्छन् । यसले गर्दा काम गर्ने व्यक्तिले खर्च चलाउनै सक्दैन । स्वदेशमै काम गर्दै पढ्ने प्रणालीको विकास गर्न सकियो भने



युवाको विदेश मोह स्वतः कम हुन्छ । यसका अतिरिक्त विदेशमा जस्तै हप्ता हप्ताको अन्त्यमा पारिश्रमिक दिने प्रणाली अपनाउन सकेमा थप प्रभावकारी बन्न सक्छ ।

मुलुकको विकासका स्रोतमा आधारित शैक्षिक व्यवस्था र त्यसमा शिक्षित युवा परिचालन हुन सक्यो भने अध्ययनका लागि विदेश पलायन हुनेको संख्या पनि घट्दै जान्छ । युवाका लागि लक्षित कार्यक्रम अन्तर्गत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम 'पढ्दै कमाउँदै कार्यक्रम' कार्यविधि, २०७८ पनि आयो तर यसबाट लक्षित युवा वर्गले सोचे अनुसारको लाभ लिन भने सकेनन् । यसलाई प्रभावकारी कार्यान्वयन गर्न सकियो भने यसले अवश्य पनि पढ्नकै लागि भनेर युवाको विदेश जाने क्रमलाई घटाउन सकिन्छ ।

कृषि, पर्यटन, जलस्रोत र सूचना प्रविधि क्षेत्रमा रोजगारी सिर्जना नेपालको विकास र समृद्धिको आधार भनेकै कृषि, पर्यटन र जलस्रोत हुन् । कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र वैज्ञानिकीकरण गर्न सकेमा पर्याप्त रोजगारी यही क्षेत्रले सिर्जना गर्छ । यसले एकातिर गुजारामुखी कृषि प्रणालीलाई विस्थापित गर्छ भने अर्कातिर मुलुकलाई कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँछ । त्यस्तै पर्यटन र जलस्रोत पनि उत्तिकै सम्भावना बोकेको क्षेत्र हो ।

यसमा गरिने लगानीले प्रचुर मात्रामा रोजगारीका अवसर सिर्जना गर्छ । यो युग भनेको २१औं शताब्दीको युग हो अर्थात् सूचना प्रविधिको युग हो । अहिले संसार म्यानुअल प्रविधि अर्थात् ढङ्गामा आधारित प्रविधिबाट डिजिटल प्रविधिमा फड्को मारिरहेको छ । चाहे सरकारी होस् वा गैरसरकारी सबैतिर प्रविधि नै प्रयोग बढ्दो छ । सरकारले सूचना प्रविधिमैत्री नीति ल्याउने हो भने यस क्षेत्रमा लाखौँको रोजगारी सिर्जना गर्न सकिन्छ । यसरी कृषि, पर्यटन, जलस्रोत र सूचना प्रविधिको क्षेत्रमा एक किसिमको क्रान्ति हुन सक्यो भने युवाको विदेश मोह भङ्ग हुन सक्छ ।

**मातृभूमिप्रतिको कर्तव्यबोध गराउने**

मुलुकको राजनीतिले युवामा आशा र भरोसा जगाउन सक्नु पर्छ । युवामा मुलुकभित्रै केही गर्नुपर्छ भन्ने देशभक्तिको भावना जाग्यो भने राजनीतिले विभिन्न अवसरको सिर्जना गर्न सकेमा देशमा भ्रष्टाचाररहित सुशासन कायम गर्दै दण्डहीनताको अन्त्य भएमा र उज्यालो भविष्य देखाउन सक्ने विकास र समृद्धितर्फ देशलाई अगाडि बढाउन सकेमा युवा पलायन रोक्न सकिन्छ । मुलुकमा राजनीतिक रूपमा लोकतान्त्रिकरण, आर्थिकरूपमा उदारीकरण, सामाजिक रूपमा समावेशीकरण, शासकीय रूपमा विकेन्द्रीकरण अर्थात् सङ्घीयकरण र प्रशासनिक रूपमा सुदृढीकरण हुन सक्यो भने यसले एकातिर मुलुकको विकासमा सहयोग पुग्छ भने अर्कातर्फ युवामा मुलुकप्रतिको माया जाग्दै आफ्नै देशमा केही गरौँ भन्ने भावनाको विकास हुन्छ । यसले गर्दा अवश्य पनि युवाको विदेशप्रतिको मोह भङ्ग हुन सक्छ ।

**बसौँ–बसौँ लाग्ने वातावरण तयार गर्ने**

अधिकांश युवा विदेशिने प्रमुख कारण मध्ये एउटा कारण यहाँको वातावरण पनि हो । गाउँमा विकास भित्रिएको अवस्था छ, पूर्वाधार पनि बनिरहेकै छन् । तर, यति हुँदाहुँदै पनि गाउँमा युवा बस्न चाहँदैनन् । किनकि एक त रोजगारी छैन अर्को पढेलेखेका युवा गाउँमा छँदै छैनन् भने पनि हुन्छ । जति छन् वेरोजगार छन्, त्यसैको कारणले उनीहरूको फरक जीवनशैली छ जुन शैली समाजले त्यति रुचाउँदैन ।

अर्कातिर शहरी युवा र सहरमा रहर खोज्न हिँडेका युवा पनि यहाँको सुस्त विकास, हरेक काममा ढिलासुस्ती, बढ्दो प्रदूषण र विविध कारणले पनि उनीहरूको विदेश मोह बढ्दै गएको छ । आफ्नै गाउँ र स्वदेशमा नबसे पनि बसौँ-बसौँ लाग्ने लोभलाग्दो वातावरण सिर्जना गर्न स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्मले पहल गरेमा गाउँबाट शहरमा बसाइँ सरेका र स्वदेशबाट परदेश गएकाहरू पनि अवश्य फर्किन्छन् । विदेश जाने प्रमुख कारण यहाँ विकल्प र वातावरण नभएर हो । राज्यले विकल्प र वातावरण दिन सक्यो भने निश्चय पनि युवामा विदेश मोह होइन, स्वदेश मोह बढ्दै र झ्याङ्गिँदै जाने निश्चित प्रायः छ । *गोप*

# तातो ग्रीष्म र बदलिँदो मनसुन



**तुलसीराम खरेल**

यस बर्षको ग्रीष्म ऋतुमा नेपाल र भारतका विभिन्न स्थानहरुमा तापक्रमले किर्तिमान कायम गऱ्यो भने कति स्थानमा दशकौं अघिको रेकर्ड छुन पुग्यो । अधिकांश स्थानहरुमा मानिसहरुले यति अचाकल्ली तातिएको महशुस गरेका थिएनन् । पश्चिम नेपालको तराईमा यो लेख लेख्दासम्म तातो बतास र अत्यधिक तापमानले असार ७ गतेसम्मका लागि विद्यालयहरुमा पठनपाठन स्थगित गरिएको छ । नेपालगञ्जमा ४६° से. र भैरहवामा ४४° से. तापक्रम पुगेको छ ।

भारतमा चुनावी माहोल तातेको बेला तापक्रम समेत एक्कासी ह्वात्तै बढेको छ । दिल्लीको तापक्रम ५२.३° से. पुगेर धेरैलाई आश्चर्य पारेको छ । नेपाल तथा भारत अनि पाकिस्तानमा अत्यधिक गर्मीको कारण मानिसहरू मरेका समाचारहरुले समाचारपत्र र टेलिभिजन कार्यक्रममा राम्रै स्थान पाएका छन् । यस पटकको दिल्लीको बढ्दो तापमानले शहरी क्षेत्रमा मानव शङ्कट निम्तन सक्ने कुरा वातावरणविद् आरती खोसलाले बताएकी छन् ।

सन् २०१६ मा राजस्थानमा तापक्रम ५१° से. पुग्दा जुन होहल्ला भएको थियो यो दसकमा त्यो भन्दा माथिको तापक्रम सबैले चुपचाप पचाइरहेको देखिन्छ । इम्पेरियर कलेज लण्डनका जलवायुविद् तथा वर्ड वेदर एड्रीब्यूसनका निर्देशक फ्रेडेरिक ओटोले आफ्नो सन् २०२३ को अनुसन्धानको



निचोडमा कोइला, तेल र ग्यास जलाएर तथा वन विनाश गरेर निम्त्याएको परिवर्तित जलवायुले कठीन मौसमी परिस्थितिको सामना गर्नुपरेको बताएका छन् ।

हालका दिनहरुको पर्यावरणीय असन्तुलनको बारेमा अनुसन्धानहरु हुन थालेका छन् । सेन्टर फर साइन्स एन्ड इन्भार्योन्मेन्ट (सीएसई)को सन् २०२४ को अध्ययनले सन २००१-२०१० को दशक जति चिसो थियो । सालाखाला यो दशकका रातहरु त्यति चिसा हुन सकेनन् भन्ने देखाएको छ । प्रचण्ड तातो दिनको असरभन्दा बढी चरम तातो रात्रिको असर हुने अध्ययनले बताएको छ । लगातारको तातोले मानिसको शारीरिक, मनोवैज्ञानिक पक्षमा अत्यन्तै नकारात्मक असर पार्ने अध्ययनको निचोड रहेको छ ।

यस पटक मनसुनमा बढी बर्षा हुने अनुमान गरिएको छ । जापान मौसम एजेन्सी, कोलम्बिया यूनिभर्सिटी, कोपरनिकस क्लाइमेट सिस्टमको आधारमा पूर्वानुमान गरिने र तिनको गणितीय गणनाबाट तथ्याङ्कीय मोडेलको आधारमा भविष्यवाणी गरिने गरिँदोरहेछ । यस आधारमा यो वर्ष विपत्ति न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिका सधैँभन्दा अझ सक्रिय हुनुपर्ने आवश्यकता देखिन्छ ।

जलवायु परिवर्तनको असर विश्वब्यापी रहेको छ । यसको असर अन्य स्थानभन्दा पर्वतीय क्षेत्रमा बढी देखिएको छ । यस हिसाबले नेपाल दक्षिण एसियायी मुलुकमध्ये उच्च जोखिममा परेको मुलुक बन्न पुगेको छ । नेपालले आफ्नो योजनामा जलवायु परिवर्तनको जोखिमसँग जुध्न सक्ने प्रकारले योजना बनाउनुपर्ने देखिन्छ । कृषि, जनस्वास्थ्य, पूर्वाधारको निर्माण आदिमा जलवायु परिवर्तनको असर एउटा अभिन्न पाटो बन्नु पर्दछ ।

जलवायु परिवर्तनको असर बहुआयामिक प्रकारको हुन्छ । सुक्खा हिउँद, खडेरीयुक्त वर्षायाम, अतिवृष्टी, खण्ड वृष्टि, अतिजाडो, अति गर्मी, हिउँदे अस्वाभाविक बर्षा, मनसुनमा फेरबदल आदि । यसका असरहरु प्राथमिक, द्वितीय, तृतीय हुँदै साङ्लो जस्तो बन्ने गरेको देखिन्छ । त्यसकारण पनि यो दुःखदायी बन्ने गर्दछ । यो दशकमा अष्ट्रेलिया, क्यानडा तथा अन्य स्थानका शक्तिशाली जंगली आगलागी, डढेलोको बढ्दो प्रकोपको सामना गर्नुपऱ्यो ।

गत वर्ष नेपालको हिमाल पारीका मनाङ, मुस्ताङ तथा सिन्धुपाल्चोकमा आएको बाढी जलवायु परिवर्तनको कारण हो या होइन भन्ने अध्ययन नगरिनुले हामी कति उदासीन छौँ भन्ने छर्लङ्ग हुन्छ । किनकि ती स्थानहरुमा अस्वाभाविक ढङ्गले इतिहासमै नदेखिएको बाढी आएको र त्यसले अर्बौंको पूर्वाधार नष्ट गरेको थियो । दुई वर्षअघि कार्तिक महिनामा आएको बेमौसमी बर्षाले हजारौं बिघामा लगाएको धान खेती नष्ट गऱ्यो । किसानले काटेर पाँजा बनाएर राखेको धान बगायो ।

न किसानले राहत पाए न त बीमा गरियो । नेपालले हरित सम्झौता या कार्बन फण्डबाट पाएको रकमले किसानको बाली बीमा गर्नेतर्फ सोच्नु पर्दैन ? जलवायु परिवर्तनको असर भोगिरहेका कृषिमा आश्रित वर्गको बारे राज्यले योजना बनाउन ढिला भइसकेको छ । यो बर्ष मनसुन चाँडो शुरु हुने तथा सधैँभन्दा बढी बर्षा हुने पूर्व अनुमान अनुसारको योजनामा ध्यान पुग्नुपर्ने देखिन्छ । यसमा बाढी प्रकोप, पहिरो, कृषि प्रणालीमा पर्न सक्ने प्रभावको अध्यय हुन नसक्नु भोलिको लागी बिडम्बना बन्न सक्ने अर्को खतरा रहेको छ ।



**सडकमा बिस्कुन सुकाउँदा दुर्घटनाको जोखिम** : सुनसरीको गढी गाउँपालिका-६ सत्तेरझोरामा किसानले सडकमा सुकाएको मकै । सडकमा बिस्कुन सुकाउँदा सवारी दुर्घटनाको जोखिम बढेको छ । **तस्वीर : रासस**

# सामुदायिक सिकाई केन्द्रको सभा

**माई, जेठ २२।** दानाबारी सामुदायिक सिकाई केन्द्र, माई नगरपालिकाको १३औं वार्षिक साधारण सभा दानावारीमा सम्पन्न भएको छ ।

संस्थाको मातृ विद्यालय कन्काई मावि विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवम् माई नगरपालिका पूर्व उपप्रमुख बिष्णुमाया आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न साधारणसभामा शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्रको स्वीकृत सिकाई केन्द्रले शैक्षिक क्षेत्रमा उल्लेखनीय कार्य गरेको प्रमख अतिथि आचार्यले बताए । समुदायमा दानाबारी सामुदायिक सिकाई केन्द्रले सिप सिकाउने, क्षमता विकास गराउने र सचेतना वृद्धि गर्ने कार्यमा १३ बर्षदेखि सक्रिय रहेको स्मरण गराउँदै थप सक्रियताका लागि नगरले सहयोग गर्नुपर्ने आचार्यले धारणा राखे ।

कार्यक्रमा अतिथी कन्काई माविका सहायक प्रधानाध्यापक खेमराज लिम्बूले बिना स्वार्थ स्थापित संस्थालाई निस्वार्थ सहयोग गर्नुपर्ने बताउँदै सबै प्रकारको सहयोग गर्न आफू र आफ्नो संस्था तयार



रहेको जानकारी दिए ।

त्यस्तै ध्रुव श्रेष्ठले १३औं वर्ष पूरा गर्दा पछिल्लो समयमा संस्थाले गतिविधि कम गरेको हो कि भन्ने लागेको बताउँदै समुदायमा शैक्षिक रुपान्तरणका लागि सिकाई केन्द्रको महत्वपूर्ण भूमिका रहने जानकारी दिएका छन् । त्यसैगरी समाजसेवी शिव भण्डारीले सानो संस्था भएर पनि शैक्षिक क्षेत्रमा ठूलो कार्य र सफलता गरेकोमा सिकाई केन्द्रको प्रंशसा गरे ।

कार्यक्रममा एनएमसी दानाबारी सेवा केन्द्रका सहायक प्रमुख नितु ढुङ्गाना, सञ्चारकर्मी हरि असीम लगायत ६० जनाको सहभागिता रहेको थियो । सिकाई केन्द्रका अध्यक्ष विमलकुमार दहालको अध्यक्षता, कोषाध्यक्ष दुर्गाराज शंकरले सञ्चालन, सदस्य यदुनाथ दुलालले स्वागत मन्तव्य राखेका थिए ।

प्रमुख अतिथी आचार्यले उद्घाटन गरेको कार्यक्रममा वार्षिक प्रगति प्रतिवेदन अध्यक्ष दाहालले पेश गरेका थिए भने आर्थिक प्रतिवेदन (आयव्यय र प्रस्तावित कार्यक्रम) सिकाई केन्द्र कोषाध्यक्ष दुर्गाराज शंकरले प्रस्तुत गरेका थिए । कुल दुई लाख २६ हजार चार सय ६० रुपैयाँको आयव्यय तथा चार लाख ३० हजार ६० रुपैयाँको प्रस्तावित कार्यक्रममा सर्वसम्मत पारित गरिएको थियो । साधारण सभामा कन्काई माविका छात्रछात्रा, सिकाई केन्द्रका पदाधिकारीहरु र अन्य सरोकारवाला लगायतको उपस्थिति रहेको थियो ।

# चोरीसिकारी बढेपछि चुरे क्षेत्रमा मासिँदै पशुपंक्षी

**उदयपुर, जेठ २२।** उदयपुरको कटारी नगरपालिका अन्तर्गत पर्ने चुरे क्षेत्रमा चोरीसिकारी बढेको छ ।

कटारी नगरपालिका-१, २, ३, ५ र ६ का सामुदायिक र सरकारी वन क्षेत्रमा चोरीसिकारी बढेको हो । सिकारीले वन क्षेत्रमा दिनहुँजसो निलगाई, बँदेल, मृग, मयुर, कालिज, धनेश जस्ता पशुपंक्षीहरु सिकार गर्ने गरेको कटारी-३ का स्थानीय डबबहादुर परियारले जानकारी दिए । '२० नाल जति भरुवा बन्दुक लिएर सिकारीहरु आउने गर्छन्' -उनले भने- 'पानी पर्न थालेपछि जन्तुहरुको पाइला हेरेर सिकार गर्न सजिलो हुने रहेछ त्यसैले अहिले सिकारीहरु जङ्गलभरि सक्रिय छन् ।'

चुरे वनमा डढेलो लगाउने पनि सिकारी रहेको स्थानीयबासीको अनुमान छ । आगो लगाएपछि सिकार खेल्न सजिलो हुने स्थानीयको भनाइ छ । दैनिक वनमा बन्दुक पड्केको आवाज सुनिने र सिकारी भेटिने गरेको घाँसे गोठालाहरु बताउँछन् ।

कटारी नगरपालिकाको चुरे वन क्षेत्रभित्र पर्ने वडा नं. १ खसीबास, एक्लेसल्ला र सिरहाको गोलबजार नगरपालिका अन्तर्गतको चुरे किनारका बस्तीबाट सिकारी आउने गरेको स्थानीय बताउँछन् । 'सबै जना बन्दुक लिएर कटारी नजिकसम्म सिकार खेल्न आउँछन्' -कटारी-३ च्याँगाका लवकुश माझीले भने- 'गाउँ छेउछाउमा आउने बँदेल, दुम्सी, खरायो, मृग, नीलगाई सिकारीले मासिसके ।'

सिकारीले वनक्षेत्रमा तर्साएपछि वन्यजन्तु गाउँ पस्न थालेको कटारी-५ शलेस सामुदायिक वन उपभोक्ता समूहका पूर्वसचिव डिकबहादुर श्रेष्ठले बताए । 'पहिला चुरेमा बस्ने वन्यजन्तु गाउँमा देखिन थालेका छन्' -उनले भने- 'जङ्गली जनावर गाउँ पसेपछि अन्नबालीमा क्षति पुऱ्याउन थालेका छन् ।'

अहिले चोरीसिकारी सक्रिय रहने मौसम रहेकाले दैनिक वनगस्ती खटाएको डिभिजन वन कार्यालय कटारी (त्रिवेणी)का प्रमुख डिभिजन वन अधिकृत अनिरुद्ध साहले बताए । 'दैनिक गस्ती खटाएका छौँ, प्रहरीसँग पनि समन्वय गरिरहेका छौँ, अनुमति बिनाका भरुवा बन्दुक नियन्त्रणमा लिन र बुझाउन अनुरोध गरेका छौँ' -अधिकृत साहले भने- 'वन्यजन्तु अनुसार सिकारीलाई सजायको व्यवस्था कानूनमा छ, वनका उपभोक्ता समूहहरुलाई पनि सिकारी पक्राउमा सहयोग गर्ने अनुरोध गरेका छौँ ।'

पशुपंक्षी सिकारीलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन सम्बन्धी कारवाही हुने पनि अधिकृत साहले बताए । साहका अनुसार यस क्षेत्रमा संरक्षित पक्षीमा ठूला धनेस, हात्ती लगायतका जनावर छन् ।

वनमा ठूलो रुखहरु मासिएसँगै पंक्षी मासिन थालेका छन् । १५ वर्षअघिसम्म प्रशस्त पाइने कर्रा, कागभेला प्रजातिको सुगा अहिले भेटिन छाडेका छन् । सिकारीहरु कटारी र सिरहाको सिमानामा पर्ने चुरिया मन्दिरदेखि पूर्व, उदयपुरगढी गाउँपालिकाको नेपालटार र पश्चिमतर्फ सिरहादेखि उत्तरको वन क्षेत्रमा दैनिक भरुवा बन्दुकसहित सिकार गर्ने गरेको स्थानीय बताउँछन् ।

# पथरीमा साकेला सिली सम्पन्न



**पथरीशनिश्चरे, जेठ २२।** मोरङको पथरीशनिश्चरे-१ स्थित साकेला थानमा किरात राई समुदायको सांस्कृतिक चाड उभौली सोकला समापन भएको छ ।

साकेला किरात राई समुदायको प्रमुख चाड हो । किरात राई यायोक्खा पथरीशनिश्चरे नगर समितिको आयोजनामा विहान साकेला पुजा र दिउँसो साकेला नृत्य प्रतियोगिता तथा शुभकामना आदान-प्रदान कार्यक्रमसहित समापन भएको हो ।

किरात राई समुदाय पुर्खा (पितृ) र प्रकृति खुशी बनाए सुब्बे, फाब्बे हुने विश्वासका साथ विभिन्न छ वटा साकेला सिली टोलीहरूले सुन्दर नृत्य प्रस्तुत गरेका थिए । उनीहरूले घर-घरमा रहेको तीन चुलालाई पितृको रुपमा पूजा गरेपछि सामुहिक रुपमा साकेला थानमा भेला भएर प्रकृतिको पूजाको साथै नाचगान गर्दै रमाइलो गरेका थिए । यस पर्वमा पूजाको साथै आफन्तबीच भेटघाट, मिठो मसिनो खाने र रमाइलो गरेर साकेला मनाउने चलन छ ।

त्यस्तै पथरीमा आयोजित साकेला नृत्य प्रतियोगितामा बेलबारीको लक्ष्मीमार्ग टोली प्रथम भएको छ । त्यसैगरी, लेटाङको किर्तिमान दोस्रो, उर्लाबारी साकेला टोली तेस्रो र बेलबारीले सान्त्वना पुरस्कार जितेका छन् ।

बिजेता चार वटै टोलीलाई कार्यक्रमको प्रमुख अतिथि किरात राई यायोक्खा केन्द्रीय उपाध्यक्ष तिलकप्रसाद राई, बिशेष अतिथि उपमहासचिव अर्जुन जम्नेली राई, पथरीशनिश्चरे नगरको निवर्तमान प्रमुख दिलिपकुमार राई लगायतका अतिथिहरुको हातबाट नगद तथा ट्रफी प्रदान गरिएको थियो । प्रतियोगितामा लेटाङ, सुन्दरहरैचा लगायतबाट सहभागी भएका थिए ।

यायोक्खा पथरीशनिश्चरे नगर समिति अध्यक्ष प्रेमकुमार राईको सभापतित्वमा भएको कार्यक्रममा केन्द्रीय उपाध्यक्ष तिलकप्रसाद राई, उपमहासचिव अर्जुन जम्नेली राई, नगरको प्रमुख प्रशासकीय अधिकृत शशि राई, निवर्तमान नगर प्रमुख दिलिपकुमार राई, २ नं. वडाध्यक्ष नैना राई लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा यायोक्खा केन्द्रीय सदस्य नरहाङ राई, पूर्व केन्द्रीय सदस्य नवीन राई, मोरङ जिल्ला अध्यक्ष केदार राई, सचिव काशिहाङ राई, पथरीशनिश्चरे-१ नं. वडा अध्यक्ष भिमकुमार राई, नेपाल आदिबासी जनजाति महासंघ नगर समिति उपाध्यक्ष राजेन्द्र गुरुङ, कोषाध्यक्ष मिना भुजेल, पूर्ब अध्यक्ष हेमभक्त तमु, सुनाखरी मावि सञ्चालक समिति अध्यक्ष प्रदिपकुमार राई लगायतको उपस्थिति रहेको थियो ।

साकेला नाच प्रदर्शन, गीतको साथै रोटे पिङ, कोलम्बस लगायतको खेलहरु खेलेर युवा-युवतीहरु रमाइरहेका थिए । साकेला परिसरभित्र यलम्बर, सांस्कृतिक पहिचान बोकेको बाबु (चिन्डो)को प्रतिमा यसअघि नै निर्माण भएको छ ।

संघीय गणतन्त्रपछि पथरीशनिश्चरे नगरपालिकाले स्थानीय साकेला चाडको दिन सार्वजनिक विदा दिँदै आएको छ । स्थानीय विदा दिन थालिएपछि विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुले पनि साकेला चाड खुलेर मनाउन पाएको किराँत राई यायोक्खा जिल्ला समिति मोरङका अध्यक्ष केदार राईले बताए ।

# दीपकको परिवारलाई आर्थिक सहयोग



**खोटाङ, जेठ २२।** वैदेशिक रोजगारीको सिलसिलामा दुबईमा ज्यान गुमाएका हलेसी तुवाचुङ नगरपालिका-८ धितुङका ३० वर्षीय दीपक बुढाथोकीको परिवारलाई सात लाख ५० हजार रुपैयाँ सहयोग उपलब्ध भएको छ ।

उनको वि.सं. २०८० चैत ७ गते दुबईमा सडक दुर्घटनामा निधन भएको थियो । मृतकका दुई छोरा नौ वर्षीय दिशन र छ महिनाका इशान बुढाथोकीको पठनपाठनका लागि उनीहरूको नाममा छुट्टाछुट्टै बैंक खाता खोलेर जम्मा गर्नेगरी तीन-तीन लाख रुपैयाँ तथा घर खर्चका लागि बुबा जीतबहादुर, आमा रत्नकुमारी र श्रीमती सरस्वती बुढाथोकीलाई नगद ५०-५० हजार रुपैयाँ उपलब्ध भएको जनाइएको छ ।

धितुङका स्थानीय बासिन्दा एवम् नायब सुब्बा पदमा कार्यरत गणेशबहादुर कार्कीको संयोजनमा देश-विदेशमा रहेका नेपालीबाट सङ्कलित रकम सांसद रामकुमार राई 'पासाङ'ले मृतकका परिवारलाई हस्तान्तरण गरेका हुन् ।

# भरुवा बन्दुकसहित एक जना पक्राउ



**सुनसरी, जेठ २२।** सुनसरीको धरानबाट भरुवा बन्दुकसहित एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउपर्नेमा धरान उपमहानगरपालिका-१७ खैरेनी बस्ने ४० वर्षीय दरेश राई रहेका छन् । उनको साथबाट भरुवा बन्दुक एक थान, बारुद र छर्रा रहेको प्रहरीले जनाएको छ । प्रहरीले सोही उपमहानगरपालिका-१७ पट्नालीस्थित सिंहदेवी सामुदायिक वन छेउबाट भरुवा बन्दुक एक थान, सोही बन्दुकमा प्रयोग हुने बारुद र छर्रासहित राईलाई पक्राउ गरिएको हो ।

अस्थायी प्रहरी चौकी रेल्वे धरानबाट खटिएको प्रहरीले राईलाई उक्त हातहतियारसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ ।

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
**सम्पर्क :**
**९८०४९५४४००**
**९८६६२४२४६६**
**अर्जुनधारा नपा- ४, झापा**

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**बराल ट्याक्सी सर्भिस**
**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त–** ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra

**बिमालेख हरायो**
साखेबुङ्ग मिल गोलाइदेखि इलाम बजार जाने क्रममा यही मिति २०८०/१२/०७ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**नाम**:- लालबहादुर सुनुवार (मुखिया)
**ठेगाना**:- इलाम नपा–३
**पोलेसी नं.**:- १०१०८९१२५
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
**सम्पर्क**: ९८४१४६३५७७

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
**झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।**

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क :
**देवराज गिरी** ९७०६१९६४०६ ९८४२०७०५८६
**विशाल हरिजन** ९८१४९१७७११ ९८४२७३३६१२

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **जेठ २६ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**
**स्पार्क पूर्वाञ्चल अस्पताल,**
**कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा**
**(फोन : ०२३–५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२**



**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
आज तपाईलाई चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
तपाईको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समयमा होस नपुग्नाले व्यवहारमापछि परिएला, आफ्नाबाट टाढिनुपर्नेछ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
समय अनुकुल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, आज तपाईको मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नाले तपाईको मन हर्षित हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, धैर्य रहनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, स्वास्थ्यमा समस्या देखिन सक्ने देखिएको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसीलो भएर जाने योग रहेको छ ।